नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं

नेपाल ।

पत्र संख्या :-

च.नं. :-

## प्रेस विज्ञप्ति

मिति :.........................

आज मिति २०७५/०८/२० का दिन नेपाल सरकारका मुख्य सचिव श्री लोकदर्शन रेग्मीज्यूको अध्यक्षतामा सम्माननीय प्रधानमन्त्रीज्यूका मुख्य सल्लाहकार श्री विष्णुप्रसाद रिमालज्यूको आतिथ्यता र गृह मन्त्रालयका सचिव श्री प्रेमकुमार राईज्यू लगायतका पदाधिकारीहरुको उपस्थितिमा बैठक बसी यस वर्षको हिउँदयाममा आइपर्न सक्ने प्राकृतिक प्रकोपबाट हुने संभावित क्षतिलाई न्यूनिकरण गर्न अपनाउनु पर्ने पूर्व तयारीका सम्बन्धमा छलफल भयो ।

हिउँदको समयमा तराइ क्षेत्रमा शीतलहर, हिमाली भेगमा हिमपात जस्ता प्राकृतिक प्रकोप र डढेलो एवं आगलागीका घटनाबाट हुन सक्ने मानवीय तथा गैरमानवीय क्षतिलाई न्यूनिकरण गरी प्रभावित क्षेत्रका जनतालाई तत्काल उद्धार, राहत तथा पुनर्स्थापनासम्बन्धी कार्य गर्नको लागि तयारी अवस्थामा रहन गृह मन्त्रालयलगायत सम्बन्धित निकायहरुलाई लेखी पठाउने निर्णय भएको छ ।

प्राकृतिक विपद् व्यवस्थापनका लागि सबै जिल्लाका प्रमुख जिल्ला अधिकारीहरुलाई तयारी अवस्थामा रहन निर्देशन दिइ सकिएको गृह मन्त्रालयका सचिवज्यूले बैठकमा जानकारी गराउनु भयो । शीतलहरबाट प्रभावित हुने जनतालाई आवश्यक पर्ने पर्याप्त दाउराको व्यवस्थापन गर्नुका साथै डढेलो तथा आगलागी हुन नदिन र भएमा नियन्त्रण गर्न पूर्व तयारीका लागि वन तथा वातावरण मन्त्रालयले आवश्यक प्रवन्ध गर्ने । त्यसैगरी विपद् व्यवस्थापन गर्ने कार्यमा सबै स्थानीय तहलाई पूर्व तयारीमा रहन सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत् अनुरोध गर्ने निर्णय भएको छ।

प्राकृतिक विपत्तिवाट हुन सक्ने क्षतिको न्यूनिकरण गर्न र विपत्ति पश्चात्को उद्धार, राहत तथा पुनर्स्थापनासम्बन्धी आवश्यक कार्यमा नेपाल रेडक्रस सोसाइटी लगायतका सामाजिक तथा गैर सरकारी निकायहरुसंग समन्वय एवं परिचालन गर्ने व्यवस्था महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले गर्ने निर्णय भएको छ । त्यसैगरी प्राकृतिक प्रकोपबाट प्रभावित जनतालाई तत्काल औषधोपचार गर्न पर्याप्त औषधी तथा स्वास्थ्यकर्मी परिचालनको व्यवस्था स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गर्ने ।साथै नेपाली सेनाको Quick Response Team बनाइ विपद् व्यवस्थापनका लागि आवश्यक समन्वय गर्ने कार्य रक्षा मन्त्रालयमार्फत् गर्ने र प्राकृतिक विपद् व्यवस्थापनको पूर्व तयारीका सम्बन्धमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत् सबै प्रदेशमा अनुरोध गर्ने समेत निर्णय गरेको छ।

मितिः २०७५।०८।२०

(विनोदबहादुर कुँवर)
प्रवक्ता

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np